प्रदेश वन निर्देशनालय
समृद्धिको लागि वन परियोजना
प्रदेश परियोजना व्यवस्थापन इकाई
मधेश प्रदेश, जनकपुरधाम

# आगलागी (वन डढेलो) एक परिचय

## परियोजनाको परिचय

नेपाल सरकार तथा विश्व बैङ्कको संयुक्त प्रयासबाट नेपालको लुम्बिनी प्रदेश तथा मधेश प्रदेशमा दिगो वन व्यवस्थापन, साना तथा वन उद्यमहरुलाई प्रवर्धन र सहयोग परिचालनको लागि यो परियोजना वन लगानी कार्यक्रम अन्तरगत तर्जुमा भएको हो। यस परियोजना विश्व बैङ्कको ऋण तथा अनुदानमा नेपाल सरकार तथा विश्व बैङ्क बीच सन २०२१ मार्च १९ मा सम्झौता भै वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैङ्क र विश्व बैङ्कले संयुक्त रुपमा कार्यान्वयन गर्ने परियोजना हो। यो परियोजना प्रदेश स्तरमा मधेश तथा लुम्बिनी प्रदेशमा लागु भएको छ। यस परियोजनाको केन्द्रमा केन्द्रिय परियोजना व्यवस्थापन इकाई रहेको छ भने, प्रदेश स्तरमा प्रदेश वन तथा वातावरण मन्त्रालय मातहतको प्रदेश वन निर्देशनालय अन्तर्गत प्रदेश परियोजना व्यवस्थापन इकाई रहेका छन। दुवै प्रदेशका २५ – २५ गरि ५० वटा पालिकाहरुको वातावरण तथा विपद् व्यवस्थापनको लागि कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको लागि कार्य गर्नेछ। यसै गरी कृषि विकास बैङ्कले ऋण परिचालन गर्ने इकाईको रुपमा कार्य गरिरहेको छ। यस परियोजनाका लागि विश्व बैङ्कले २ करोड ४० लाख यु एस डलर करिब ३ अरव नेपाली रुपिया लगानी उपलब्ध गराएको छ। यसमध्ये २५.५ प्रतिशत अनुदान ६१ लाख यु एस डलर तथा ७४.५ प्रतिशत ऋण १ करोड ७९ लाख यु एस डलर सहायता रहेको छ। लगानी गर्दै जाँदा प्रतिफल तथा उपलब्धीको आधारमा थप लगानी हुने संभावना रहेको छ। समृद्धिका लागि वन परियोजना मधेश प्रदेशका कार्यक्षेत्र प्रस्तुत चित्रमा चित्रण गरिएको छ।





समृद्धिका लागि वन परियोजना, मधेश प्रदेशको कार्य क्षेत्र

## आगलागी (वन डढेलो) के हो?

आगलागी एउटा यस्तो अवस्था हो जहाँ आगो अनियन्त्रित रूपमा फैलिन्छ र यसले धनजनको क्षति पुर्याउँछ। यहाँ मुख्यतः वन डढेलोलाई प्रस्तुत गरिएको छ। वन डढेलोलाई परिस्थिकीय प्रणालीको महत्वपुर्ण प्रक्रियाको रुपमा लिईएको छ। यसले परिस्थिकीय प्रक्रियाहरु जस्तै प्रजातिको संरचना, बनौट निर्धारण ततः समग्र भू-परिधिको निर्माण तथा संरचनामा प्रमुख भूमिका निर्वाह गर्दछ। सुक्खा मौसममा प्राकृतिक वा मानवीय कारणवाट हुने आगजनीलाई वन डढेलो भनिन्छ।



**वन डढेलो** सामान्य तया तीनवटा मुख्य तत्वहरू, जसलाई "अग्नि त्रिकोणको सिद्धान्त “(**Fire Triangle**) भनिन्छ, को उपस्थितिमा सुरु हुन्छ:




क. **प्रज्वलनशील वस्तु (Fuel):** आगो बल्नका लागि चाहिने कुनै पनि दहनशील पदार्थ, जस्तै: काठ, पात, कपडा, तेल, ग्यास आदि ।


ख. **अक्सिजन (Oxygen):** हावामा रहेको अक्सिजन जसले आगो बल्न मद्दत गर्छ।


ग. **आगोको स्रोत (Source of Fire):** आगो सुरु गर्न र त्यसलाई फैलिनको लागि चाहिने वस्तु ।

जब यी तीनवटै तत्वहरू एकसाथ उपस्थित हुन्छन्, तब आगो लाग्ने सम्पूर्ण वातावरण अनुकुल हुन्छ। यदि यीमध्ये कुनै एउटा तत्वलाई हटाइयो भने, आगो निभ्छ।

## वन क्षेत्रमा आगलागी (वन डढेलो उत्पत्तिका कारणहरु)

वन क्षेत्रमा हुने आगलागी विशेषगरी खतरनाक हुन्छ किनभने त्यहाँ प्रशस्त मात्रामा सुकेका पातहरू, झाडीहरू, रूखहरू र अन्य वनस्पतिहरू इन्धनको रूपमा उपलब्ध हुन्छन् । साथै, गर्मी मौसममा उच्च तापक्रम र हावाहुरीले आगोलाई तीव्र गतिमा फैलाउन मद्दत गर्छ। एक अध्ययन अनुसार नेपालमा वन डढेलो लाग्ने कारणहरु यस प्रकार रहेका छन् कृषिवालिका घुरान बाल्दा, रातिमा आगो बालेर हिड्दा, जडिबुटी च्याउ संकलन, अज्ञात कारण, कोईला तयार गर्दा, सम्पति जोगाउन, अबैध काठचोर, अतिक्रमणकारी, खोरिया फडानी, केटा केटि खेल्दा, क्याम्प फायर, शिकारी, चुरोट खाने र चौपाया चराउने (Sharma, 1995 & Goldammer, 2011) ।




### आगलागीका प्रकार

क. **मानवीय कारणले लाग्ने आगलागी:** यो आगलागीको सबैभन्दा सामान्य कारण हो। जथाभावी फालिएका चुरोटका ठुटा, खेतबारीमा आगो लगाउँदा नियन्त्रण बाहिर जाँदा, वनभोज वा क्याम्पिङ गर्दा आगो राम्ररी ननिभाउँदा, बिजुलीको सर्ट सर्किट आदि यसका उदाहरण हुन्।

ख. **प्राकृतिक कारणले लाग्ने आगलागी:** चट्याङ पर्दा, ज्वालामुखीबाट निस्केको लाभाका कारण वा सुकेका बोटबिरुवाबीचको घर्षणबाट उत्पन्न हुने तापका कारण पनि आगलागी हुन सक्छ।





आगलागीले वातावरण, वन्यजन्तु, मानव बस्ती र अर्थतन्त्रमा गम्भीर नकारात्मक असर पार्छ। त्यसैले, यसबाट बच्न र यसलाई नियन्त्रण गर्नका लागि सचेतना र सावधानी दुवै आवश्यक छ। आगलागीको प्रकृति अनुसार डढेलो तिन प्रकारका हुन्छन, (क) सतही डढेलो, (ख) उप-सतह वा भुई डढेलो र (ग) छत्रे वा टाउके डढेलो।

## आगो लाग्ने मुख्य कारणहरू

### क. मानवीय गतिविधि

- ✓ जलाउने उद्देश्यले लाइएका आगो नियन्त्रण बाहिर जाँदा।
- ✓ खेतबारीमा सुकेका झारपात जलाउँदा।
- ✓ बिडी, चुरोटको ठुटो जथाभावी फाल्दा।
- ✓ वनभोज वा क्याम्पिङ गर्दा आगो राम्ररी ननिभाउँदा।
- ✓ विद्युत् सर्ट भई आगलागी हुँदा।




### ख. प्राकृतिक कारण

- ✓ गर्मीका कारण सुकेका पात पतिङ्गरमा घर्षण हुँदा वा चट्याङ पर्दा।

माथि उल्लेखित कारणहरु वाहेक रहेका कारणहरु चित्रमा प्रस्तुत गरिएको छ र सो चित्र *"नेपालमा वन डढेलो व्यवस्थापन आ.व. २०७६/०७७"* बाट साभार गरिएको हो

## वन डढेलोका असर र परिमाणहरु

क. वन जंगलको विनास तथा वनको सुक्ष्महावापानीमा असर
ख. वन्यजन्तुको बासस्थान नष्ट हुनु
ग. माटोको उर्वरा शक्तिमा कमी आउनु र भूक्षय बढ्नु
घ. वायु प्रदूषण बढ्नु र जनस्वास्थ्यमा नकारात्मक असर पर्नु
ङ. जलवायु परिवर्तनका असर
च. जैविक विविधतामा ह्रास आउनु
छ. पारिस्थितिक प्रणालीमा असर
ज. पानीको स्रोतमा असर
झ. मूल्यवान काठ र गैरकाष्ठ वन पैदावार नष्ट हुनु
ञ. वनको सुन्दरतामा ह्रास



## आगलागीबाट बच्ने उपायहरू

मधेस प्रदेशमा समृद्धिको लागि वन परियोजना अन्तर्गत डिभिजन वन कार्यालयले दिगो वन विकास तथा व्यवस्थापन, घाटगद्दी निर्माण/ स्तरोन्नति, नर्सरी स्थापना/स्तरोन्नति, भवन मर्मत, जस्ता कार्यहरू गरिरहेको छ। साथै, स्थानीय पालिकाहरूले निजी तथा सार्वजनिक वृक्षारोपणका कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। यी सबै प्रयासहरूले हाम्रो वातावरणलाई हरियाली बनाउन र समृद्धिको मार्गमा डोर्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन्। तर, वन क्षेत्रमा लाग्ने आगलागीले यी सबै प्रयासलाई क्षणभरमै खरानी बनाउन सक्छ। आगलागीले वातावरणीय सन्तुलन बिगारिनुका साथै आर्थिक र सामाजिक क्षति पनि पुर्याउँछ। त्यसैले, हामी सबैले आगलागीबाट बच्न र यसको रोकथाममा ध्यान दिनु जरुरी छ।

### क. सचेतना र सावधानी

- ✓ वन क्षेत्रमा आगो बाल्दा विशेष सावधानी अपनाउनुहोस्।
- ✓ जलाउने उद्देश्यले बालेको आगोलाई पूर्ण रूपमा निभाएर मात्र छाड्नुहोस्।
- ✓ बिडी, चुरोटको ठुटो जहाँसुकै नफाल्नुहोस्, पूर्ण रूपमा निभाएर मात्र फाल्नुहोस्।
- ✓ हावाहुरी चलेको बेला आगो नबाल्नुहोस्।
- ✓ वन क्षेत्रमा प्रवेश गर्दा सलाई, लाइटर जस्ता प्रज्वलनशील वस्तुहरू बोक्दा विशेष ध्यान दिनुहोस्।

### ख. समुदायको भूमिका

- ✓ वन उपभोक्ता समूहहरूले आगलागी रोकथामका लागि पूर्वतयारी योजना बनाउनुपर्छ।
- ✓ आगो नियन्त्रणका लागि आवश्यक उपकरण (जस्तै: झाडी काट्ने औजार, पानीका स्रोतहरू) तयारी अवस्थामा राख्नुपर्छ।
- ✓ आगोले जोखिममा पारेका क्षेत्रहरूमा अग्लो अग्निनियन्त्रण टावर निर्माण गर्न सकिन्छ।
- ✓ आगलागी देखिएमा तुरुन्तै डिभिजन वन कार्यालय वा नजिकको प्रहरीलाई खबर गर्नुहोस्।

### ग. व्यवस्थापकीय उपायहरू

- ✓ वन क्षेत्रमा सुख्खा पातपतिङ्गर र झारपातको नियमित सरसफाइ गर्ने।
- ✓ फायरलाइन (आगो नियन्त्रण रेखा) निर्माण गर्ने र यसको नियमित मर्मत गर्ने।
- ✓ आगलागीको जोखिम बढी भएका क्षेत्रहरूमा नियन्त्रित रूपमा आगो लगाउने अभ्यास (Controlled Burning) गर्न सकिन्छ, तर यो विशेषज्ञको निगरानीमा मात्र गरिनुपर्छ।
- ✓ पानीका स्रोतहरू (पोखरी, कुवा) को संरक्षण र विकास गर्ने।

## याद राख्नुहोस्

आगलागीबाट हुने क्षतिबाट बच्न हामी सबैको सामूहिक प्रयास अपरिहार्य छ। तपाईंको एउटा सानो सावधानीले ठूलो विनाशबाट जोगाउन सक्छ। वन हाम्रो साझा सम्पत्ति हो, यसको संरक्षण गर्नु हाम्रो कर्तव्य हो।

सम्बन्धित निकायमा सम्पर्क गर्नुहोस्:

- डिभिजन वन कार्यालय: आफ्नो नजिकको डिभिजन वन कार्यालय
- स्थानीय पालिका: आफ्नो स्थानीय पालिका
- प्रहरी: १००

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र

कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.

CIF CLIMATE INVESTMENT FUNDS

THE WORLD BANK

*तयार गर्ने: भगवती खांण (सामाजिक सुरक्षा तथा लैंगिक विज्ञ) र अजित श्रीवास्तव (वातावरणीय सुरक्षा विज्ञ)*